ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-९ ❑ अङ्क-४५, २०७४ चैत २४ गते, शनिबार (April.7, 2018 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या ६

पृष्ठ ५ मा



६१औं राष्ट्रिय सहकारी दिवस

# निजी क्षेत्रसँगको सहकार्यविना विकास असम्भवः मुख्यमन्त्री




फत्तेपुर / प्रदेश २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउतले निजी क्षेत्रसँगको सहकार्यविना प्रदेश र देशको विकास सम्भव नहुने बताएका छन्। नयाँ पत्रिका र नेपाल उद्योग वाणिज्य महासंघले संयुक्त रूपमा मंगलबार जनकपुरमा गरेको प्रादेशिक आर्थिक बहस कार्यक्रमलाई सम्बोधन गर्दै उनले निजी क्षेत्रको सहकार्यले मात्र मुलुक समृद्धिको बाटोमा अघि बढ्ने बताए ।

प्रदेश सरकारको सयदिने कार्ययोजनामा निजी क्षेत्रलाई प्राथमिकता दिएको मुख्यमन्त्री राउतको भनाइ छ। 'तपाईंहरू प्रदेशभित्र लगानी गर्नुस्। लगानीको वातावरण बनाउन प्रदेश सरकार तयार छ। संघीय सरकारबाट असहयोग भयो भने पनि प्रदेश सरकार आवश्यक सहयोग गर्न तयार छ,'उनले भने ।

उनले प्रदेशभित्र उद्योग कलकारखाना खोल्ने वातावरण बनाउन संघीय सरकारसँग छलफल गरिरहेकोसमेत बताए। 'संघीय सरकारका उद्योगमन्त्री मातृका यादवसँग कुराकानी भएको छ। उहाँ सकारात्मक हुनुहुन्छ। त्यसकारण ढिला नगरी लगानी गर्नुस्। हामी आवश्यक सहयोग गर्न तत्पर छौँ,' उनले भने ।

प्रदेश २ मा लगानीको पर्याप्त सम्भावना रहे पनि विगतमा राज्य उदासीन भएकै कारण विकास निर्माणमा पछि परेको उनको ठम्याइ छ। अब विकास निर्माणले गति लिने र रोजगारीको अवसर पनि सिर्जना हुने उनले बताए। 'व्यवस्था फेरिएको छ। उद्योगधन्दा खोलेर नाफा लिनुस्। यहाँका जनतालाई रोजगारी दिनुस्। प्रदेशलाई समृद्धिको बाटोमा अगाडि बढ्न सहयोग गर्नुस्,' राउतले भने।

प्रदेशमा कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन र उद्योगको व्यापक सम्भावना रहेको उनले दाबी गरे। युवाशक्तिलाई प्रदेशभित्रै रोजगारीको अवसर सिर्जना गराउने लक्ष्य सरकारले लिएकोसमेत उनले जनाए। 'रोजगारी नपाएर युवा जनशक्ति विदेशी भूमिमा परिश्रम गर्न बाध्य छ,' उनले भने, 'ती युवालाई आफ्नै भूमिमा रोजगारीको अवसर सर्जना गराउनु प्रदेश सरकारको लक्ष्य हो।'

भारतलाई धान, गहुँलगायतका खाद्यान्न बेच्ने हामी अहिले किन भारतीय चामल आयात गरिरहेका छौँ, भन्ने प्रश्नसमेत उनले गरे। खाद्यान्नमा आत्मनिर्भर बन्न, भ्रष्टाचार अन्त्य गर्न र सुशासन कायम गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ।

**लगानी गर्ने वातावरण बनाउनुस राणा**

नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाले प्रदेश २ आर्थिक समृद्धिको प्रचुर सम्भावना बोकेको प्रदेश भएको बताइन्। निजी क्षेत्रसँगको सहकार्यमा मात्र प्रदेशको समृद्धि सम्भव हुने उनको भनाइ छ । 'आर्थिक समृद्धि भाषण दिएर वा नारा लगाएर आउने होइन। त्यसका आधारहरू तयार गर्नुस्, इच्छाशक्ति देखाउनुस्, निजी क्षेत्रलाई लगानी गर्ने वातावरण बनाउनुस्,'उनले भनिन्।

राणाले नीतिगत सुधार, व्यवसायी मैत्री कानुन, रोजगारी अभिवृद्धिका लागि औद्योगिक वातावरण बनाउनुपर्नेमा जोड दिइन्। समृद्धिका लागि सुशासन आवश्यक रहेको उनको भनाइ छ। आगामी दिनमा कल्पना गरेभैँ विकास र समृद्धिका लागि

*बाँकी अन्तिम पृष्ठमा*

# 'केन्द्रको अगाडि प्रदेशहरु निरही'

फत्तेपुर /संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले सरकारका गलत नीति र योजनाका कारण मुलुक आर्थिक रुपमा टाट पल्टन लागेको बताउका छन् ।

अर्थमन्त्री युवराज खतिवडाले संसदमा प्रस्तुत गरेको श्वेतपत्रको प्रसंगमा बोल्दै यादवले भ्रष्टाचार, कमिसन, अराजकता, लुटतन्त्र तथा सरकारको गलत नीतिका कारण यस्तो अवस्था आएको बताए ।

'नेपाल अन्तराष्ट्रिय ऋणमा डुबेको र आर्थिक रुपमा टाट पल्टेको मुलुक हो', उनले भने, 'देशको अर्थतन्त्र धरासायी हुनुमा सरकारको नीति, योजना र राज्यबाटै संरक्षित अराजकता जिम्मेवार छ ।'

प्रदेशलाई अधिकार, स्रोत-साधन र प्राकृतिक सम्पदामाथिको अधिकार दिएर आफ्नो खुट्टामा उभिने वातावरण तयार गर्न उनले संघीय सरकारलाई आग्रह गरे।

प्रदेशको असजिलो अवस्थाप्रति असन्तुष्टि जनाउँदै यादवले भने, 'कर्मचारीहरु प्रदेश मातहत आएका छैनन्, स्रोत-साधन छैन । केन्द्रको अगाडि प्रदेशहरु भीखमंगा भएका छन्। पानीबिनाको माछा झैं छटपटाउनु बाहेक अर्को विकल्प छैन ।'

**स्रोत बाँडफाँटमा कमजोर क्षेत्रलाई प्राथमिकता**

यादवले स्रोत र बजेट बाँडफाँटमा कमजोर क्षेत्रलाई प्राथमिकताा दिनुपर्ने बताए । जनसंख्या र मानव विकास सूचकांकका आधारमा सरकारले लागानी गर्नुपर्ने उनको भनाइ छ ।

'प्रदेश २ शताब्दीयौंदेखि विभेदमा छ, विकासका काम सुस्त छन्,' उनले भने, 'बेरोजगारी, गरिबी र पछौटेपनलाई हेरेर इमान्दारीपूर्वक सरकारले लगानी गर्नुपर्छ ।'

सामाजिक, आर्थिक रुपमा पछाडि परेका समुदायलाई समान स्तरमा ल्याउने दायित्व पनि सरकारकै भएको जिकिर गर्दै यादवले त्यस्तो समुदायको

*बाँकी अन्तिम पृष्ठमा*

सहकारी डिपार्टमेन्ट स्टोर फत्तेपुरमा

यहि मिति २०७४ साल चैत्र २४ गते शनिबारका दिनदेखि यस त्रियुगा सहकारी संस्था लि.फत्तेपुर ले संचालन गर्न लागेको सहकारी डिपार्टमेन्ट स्टोरको सप्तकोसी नगरपालिका १ सहकारी संस्था को भवनमा माननीय **कृषि मन्त्री शैलेन्द्र प्रसाद शाह**द्वारा बिधिवत शुभारम्भ हुने भएकोले उक्त कार्यक्रममा यहाँहरुको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

कार्यक्रम
मितिः २०७४ चैत्र २४ गते शनिबार
स्थानःत्रियुगा सहकारी सस्था लि.
सप्तकोसी न.पा.१फत्तेपुर बस पार्क
समयः दिन को १० बजे देखि




डिपार्टमेन्ट स्टोरमा उपलब्ध सेवाहरुः
(१) खाद्यान्न (२) कस्मेटिक (३) फ्रुट लगायत अन्य सामानहरु गुणस्तरीय र सुफत मूल्यमा उपलब्ध गराइन्छ।

## निजी....

हरेक प्रदेशका सरकारसँग सहकार्य गर्न नीजि क्षेत्र तयार रहेको उनले बताइन्। प्रदेश २ मा कृषि र पर्यटनको प्रचुर सम्भावना रहेको उनले बताइन्।

कृषिलाई आधुनिकीकरण गर्ने र कृषिजन्य उद्योगहरूलाई प्रोत्साहन गरेर निर्यात गर्ने कानुनको आवश्यकता उनले औंल्याइन्। जानकी मन्दिर, जलेश्वरनाथ महादेव र गढीमाईजस्ता शक्तिपिठहरु यसै प्रदेशमा भएकाले धार्मिक पर्यटनको समेत उत्तिकै सम्भावना रहेको राणाले बताइन्।

नेपाल उद्योग वाणिज्य महासंघका विशिष्ट सदस्य चण्डिराज ढकालले साना, मझौला र महिला उद्यमीलाई प्रदेश सरकारले प्रोत्साहन गर्ने नीति लिनुपर्ने बताए। मुलुक संघीय व्यवस्थामा गएकाले जनताको अपेक्षा प्रदेश सरकारसँग धेरै रहेको उनले बताए। उनले भने, 'जनताका अपेक्षालाई तत्काल पूरा गर्न प्रदेश सरकारले साना मझौला तथा घरेलु उद्योगमा जोड दिनुपर्छ।'

प्रदेश २ सरकारले ल्याएको सय दिनको कार्ययोजनाको प्रशंसा गर्दै ढकालले भने, 'प्रदेश सरकारले ल्याएको सय दिनको योजना निजी क्षेत्रका लागि उपयुक्त छ। त्यसलाई कार्यान्वयन गरियो भने यो प्रदेशमा लगानीकर्ता आकर्षित हुन्छन्।'

**सरकार र निजी क्षेत्रको साझेदारीले मात्र मुलुकमा आर्थिक समृद्धिः देवकोटा**

नयाँ पत्रिकाका अध्यक्ष तथा सम्पादक कृष्णज्वाला देवकोटाले सरकार र निजी क्षेत्रको साझेदारीले मात्र मुलुक आर्थिक समृद्धितर्फ अगाडि बढ्ने बताए। 'कुनै पनि देशको आर्थिक मेरुदण्ड त्यहाँको व्यापार हो,' उनले भने, 'अहिले हामी नयाँ व्यवस्थामा प्रवेश गरेका छौँ। यो व्यवस्थालाई सफल कार्यान्वयन गर्न प्रदेश सरकार र निजी क्षेत्रको ठूलो भूमिका हुन्छ। त्यसकारण हामी सबैले आ-आफ्नो स्थानबाट इमानदारीका साथ जुट्न आवश्यक छ।'

सरकार र महासंघबीच सहमति

प्रदेश २ सरकार र नेपाल उद्योग वाणिज्य महासंघबीच प्रदेशको आर्थिक क्रियाकलापमा सहकार्य गर्ने, प्रदेश सरकारले गठन गर्ने अर्थसम्बन्धी समिति वा कार्यदलमा महासंघ प्रदेश २ लाई सामेल गराउनेलगायतका विषयमा सहमति भएको छ। प्रदेश २ का मुख्यमन्त्री मोहम्मद लालबाबु राउत र महासंघकी अध्यक्ष भवानी राणाले मंगलबार सहमतिपत्रमा हस्ताक्षर गरे।

## गलत....

अवस्था उकास्न विशेष आरक्षण र सहुलियत दिनुपर्ने धारणा राखे।

यादवले प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचनको पर्यवेक्षणका सम्बन्धमा युरोपेली युनियनले दिएको प्रतिवेदन सही भएको बताए।

दुनियाँका जुनसुकै मुलुकमा पछाडि परेका समुदायलाई अन्य समुदाय सरह बनाउन आरक्षणको व्यवस्था गरिए पनि नेपालमा भने शासक वर्गले आरक्षणको सुविधा लिएको उनले बताए।


**गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौँ।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं।
- चुरोट बिँडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रो सँग निभाऔं।
- पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालू अवस्थामा राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग



जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

नयाँ पत्रिका
अन्नपूर्ण
कान्तिपुर
nagariknews
राजधानी
जनता टाइम्स

अमर एडभरटाईजिङ धरान
९८५२०४९३२५, ९८५२०४७७७९



तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स–रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स–रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा





फत्तेपुर पोलिक्लिनिक(प्रालि)
सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७



दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स–रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड–जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक–कान तथा घाटी रोग बिशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०



२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन




एम्बुलेन्स सम्पर्क: ९८४२४०४८०४,

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००



<u>प्रमुख सल्लाहकार:</u> डा.महेन्द्र विष्ट, <u>सल्लाहकार:</u> प्रकास खतिवडा, <u>सम्पादक/ प्रकाशक</u> देवेन्द्र कार्की(९८४२१२५२७९), <u>प्रधान सम्पादक</u> विश्वराम कार्की, <u>प्रवन्ध सम्पादक</u> खगेन्द्र कार्की (९८४२०९२१०७), <u>समाचार सम्पादक</u> शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान* <u>*कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८१९७२१*</u> Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रण:** लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

## सम्पादकीय....................

# मधेशी जनता कहिले अधिकार सम्पन्न बन्ने

राज्यसत्ता र मधेशबीच रहेको चर्को अन्तर्विरोध खुलेर सतहमा आएदेखि सत्तापक्षले मधेशको मागलाई सम्बोधन गर्न सकेको छैन् । माओवादीको जनयुद्ध र मधेश आन्दोलनलाई १० वर्ष लगाएर भएपनि माइक्रोमेनेजमेन्ट गर्न सफल राज्यसत्ता यति बेला शक्तिशाली भएको छ ।

तीन दलीय वर्चस्वको राजनीति विरूद्ध संविधान सभाको स्थापनाकालदेखि मधेशका दलहरूको संसद र सडक संघर्ष गरे तर उपलब्द केही पाउन सकेनन् । पारस्परिक विचारको भिन्नता रहे पनि मधेशको मामिलामा नेपाली काँग्रेस, एमाले र माओवादीको मतैक्यको आधारमा संविधान जारी भयो ।

अव मधेशलाई अधिकार सम्पन्न गर्ने आशयले उठेको मधेश आन्दोलनलाई संस्थागत भई सकेको छ । अव मधेशका अगुवाहरूले ब्यक्तिगत स्वार्थमा नलागी मधेशका जनताको स्वार्थमा काम गरेर देखाउनु पर्दछ । ताकी आगामी आन्दोलनको मोर्चामा मधेशी जनताको साथ सहयोग उच्च रहोस ।

मधेश आन्दोलनबाट स्थापित मुद्धा तथा सरकारबाट कार्यन्वय हुन नसकेका मुद्धाका विषयमा घनीभुत छलफल गरेर मधेशका जनतालाई अधिकार सम्पन्न बनाउनु मधेशवादी दलहरूको पहिलो प्राथमिकता हुनु पर्दछ । सदियौ देखि पछाडी परेका मधेशी जनता अव पनि अधिकार सम्पन्न बन्न सकेनन् भने विगतमा भएका जनआन्दोलन, मधेश आन्दोल र माओवादी जनयुद्धको सार्थकता हुदैन । यसको हेक्का मधेशका मसियाहरुले राख्नु पर्दछ ।

## ☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# पूर्वाधार र समृद्धि

❑ डा. गोविन्दबहादुर थापा

नेपालमा अहिले पनि सडक सञ्जालको विस्तार गर्नु केन्द्रदेखि स्थानीय तहसम्मको पहिलो प्राथमिकताको काम भएको छ । हिजोसम्म कसरी सडक बन्ला र भनिएका कतिपय ठाउँमा अहिले मोटर कुद्न थालेका छन् । हुम्ला, मुगुजस्ता दुर्गम तथा भित्री पहाडी र हिमाली जिल्लामा केही समयपछि सडक पुग्दै छ, डोल्पा जाने सडक पनि निर्माणाधीन छ ।

मुस्ताङ, मनाङ, ताप्लेजुङजस्ता हिमाली जिल्लामा नियमित रूपमा सार्वजनिक यातायातका साधन चल्न थालेको धेरै भइसक्यो । कतिपय ठाउनेपालमा अहिले पनि सडक सञ्जालको विस्तार गर्नु केन्द्रदेखि स्थानीय तहसम्मको पहिलो प्राथमिकताको काम भएको छ । हिजोसम्म कसरी सडक बन्ला र भनिएका कतिपय ठाउँमा अहिले मोटर कुद्न थालेका छन् ।

हुम्ला, मुगुजस्ता दुर्गम तथा भित्री पहाडी र हिमाली जिल्लामा केही समयपछि सडक पुग्दै छ, डोल्पा जाने सडक पनि निर्माणाधीन छ । मुस्ताङ, मनाङ, ताप्लेजुङजस्ता हिमाली जिल्लामा नियमित रूपमा सार्वजनिक यातायातका साधन चल्न थालेको धेरै भइसक्यो । कतिपय ठाउँका मानिसहरूले सडक निर्माणलाई विकास र समृद्धिको पर्यायका रूपमा लिने गरिएको पाइन्छ । यसले ती मान्छेका लागि सडकको कति महत्व रहेछ भन्ने दर्साउँछ ।

साथै यसले त्यस्ता ठाउका मानिस बाहिरी संसारसँग मिसिन कति आतुर रहेछन् भन्ने देखाउँछ । साथै यसले अनेक भौगोलिक कठिनाइबीच जीवनयापन गरिरहेका मानिस आवश्यक पर्दा तुरुन्तै देशका ठूला सहरमा पुग्न सकिने सुविधाको उपलब्धताका निमित्त कति लालायित रहेछन् भन्ने देखाउँछ । पहाडी र हिमाली भेकका मानिसमा सडकप्रतिको यो आकर्षण बिल्कुल स्वाभाविक हो ।

त्यसैले २०१३ सालदेखि आजसम्मको ६ दशकभन्दा बढी अवधिमा सडक सुविधा विस्तारलाई उच्च प्राथमिकतामा राखेर निर्माण गरिएका सडक सञ्जाल तलको तालिकामा दिइएको छ ।

| विवरण | सडक विभागबाट निर्माण गरिएको सडक | स्थानीय निकायबाट निर्माण गरिएको सडक | जम्मा सडक |
|---|---|---|---|
| कालोपत्रे | १२,३०५ | २,००४ | १४,३०९ |
| खण्डास्मित | ६,८६५ | १२,८२३ | १९,६८८ |
| कच्ची सडक | ९,९८७ | ४२,८०५ | ५२,७९२ |
| जम्मा | २९,१५७ | ५७,६३२ | ८६,७८९ |

*स्रोत : आर्थिक सर्वेक्षण २०७३/७४, नेपाल सरकार, अर्थ मन्त्रालय*

यसबाट देशमा सडक सञ्जालको विस्तार व्यापक मात्रामा भएको देखिन्छ । जनताको आवश्यकताअनुसार सडक निर्माण हुन अझ धेरै बाँकी छ । प्रदेश र स्थानीय तहको संरचना निर्माण भएपछि नयाँ सडक निर्माणको आवश्यकता एकातिर चुलिएको छ भने निर्माण भइसकेका सडकको विस्तार र स्तरोन्नतिको आवश्यकता अर्कोतिर छ । आगामी दिनमा ती काम हुँदै जालान् ।

यहाँ उठाउन खोजिएको प्रश्न के हो भने सडक सुविधाको विस्तारले देशको समृद्धिमा कसरी योगदान पुऱ्याउन सक्ला ? सबैले बुझेको भए पनि प्रसंगवश भन्नै परेको कुरा के हो भने सडकमा यात्रुवाहक सवारीका साधन र सामान ढुवानी गर्ने ढुवानीका साधन चल्छन् । तिनलाई सहज र सुरक्षित रूपमा चल्न राम्रो सडक चाहिएको हो । सडक पुगेको ठाउँमा हेर्न, घुम्नलायक ठाउँ भए बाहिरका मानिस आउँछन्, बस्छन्, खान्छन् र स्थानीय मानिसलाई केही पैसा बुझाएर जान्छन् ।

त्यसबाट सानो-ठूलो बजारको विकास हुन्छ । त्यस्ता ठाउँ नभए सरकारी र गैरसरकारी कर्मचारी

> सडक सञ्जाल विस्तार भएमा वस्तु तथा सेवाको बजार पहुँच बढ्छ । त्यसले कृषि तथा औद्योगिक उत्पादन बढाउन मानिसलाई उत्प्रेरित गर्ने हुनाले लगानी पनि बढ्छ ।

र तिनका परिवार आउने-जाने गर्छन् । तिनले पनि त्यहाँको अर्थतन्त्रमा सानो-ठूलो योगदान पुऱ्याउँछन् । सडक भएपछि बाहिरबाट आउने सामानको आपूर्ति बढ्छ, सामानको अभाव हुँदैन र मूल्य पनि पहिलेभन्दा कम हुन्छ । साथै यो पनि सत्य हो कि सडक भएपछि स्थानीय उत्पादनले पनि केही न केही बजार पाउँछ ।

अन्यथा ढुवानीका साधन चल्ने ठाउँमा धेरैजसो त्यहाँका आवश्यकताका र कतिपय नभए पनि काम चल्ने सामान बाहिरबाट आउँछन् । र, नेपालको सन्दर्भमा बाहिरका सामान भन्नाले भारत र चीनबाट आयात गरिएका समान नै पुग्छन् । सडक नबन्दै र बनेपछि बनेका पहाडका साना-ठूला बजारमा यस्तै सामान खचाखच देखिन्छन् ।

त्यस्ता बजारमा स्थानीय उत्पादन भेट्टाउन बत्ती नै बाल्नुपर्ने अवस्था छ । अन्यथा सबै सामान देशबाहिरका सामान हुन्छन् । पूर्वको ताप्लेजुङ जिल्लाको सदरमुकाम फुङलिङ बजार जानोस् वा पश्चिमको जाजरकोट जिल्लाको सदरमुकाम खलंगा जानोस् स्थिति उस्तै छ । स्थानीय उत्पादन दुर्लभ वस्तुजस्ता छन् भने आयातीत वस्तुले बजार भरिएका छन् ।

जनताको उच्च प्राथमिकताको विषय भएकाले देशमा सडक सञ्जाल विस्तार गर्नु सकारात्मक कुरा हो, तर यो पृष्ठभूमिमा देशभित्र उत्पादन गर्ने र बढाउने अनुकूल वातावरण तयार गरी उत्पादन बढाउन जनतालाई उत्प्रेरित नगर्ने हो भने त्यसरी विस्तार गरिएको सडक सञ्जालबाट आयातीत वस्तुको बजार विस्तारबाहेक अरू केही हुनेछैन, समृद्धि प्राप्तिको कुरा त परै जाओस् ।

आफ्नो ठाउँमा नगद आम्दानी गर्ने केही उपाय नभएकाले स्थानीय जनताले आफ्नो थातथलो बाहिर गएर ज्याला-मजदुरी गरी दुई-चार पैसा जोगाएर ल्याउँछन् र स्थानीय बजारमा आवश्यक-अनावश्यक त्यस्तै आयातीत सामान खरिद गर्छन् । सामान उपलब्धताका दृष्टिले ती जनतालाई सुविधा निश्चित रूपमा भएको छ । तर, जहाँ गएर दुई-चार पैसा बचाएर ल्याउँछन्, त्यो पैसा अन्ततः उतै जान्छ ।

यसरी सडक सञ्जालको विस्तार हुनु भनेको प्रकारान्तरले विदेशी सामानको बजार विस्तार गर्नुसरह भएको छ नेपालमा । यो एक-दुई जिल्लाको मात्र कुरा होइन । सबैजसो जिल्लाको अवस्था यस्तै छ । वस्तुस्थितिले यही देखाउँछ । यो स्थितिमा समृद्धिको प्रसंग कहाँनेर आउँछ त ?

समृद्धि मूलतः आममानिसको आम्दानी उल्लेख्य मात्रामा बढ्दा मात्र हासिल हुने कुरा हो । दुई-चारजना समृद्ध मानिस त जतिसुकै अविकसित र गरिब मुलुकमा पनि हुन्छन् । आमनागरिकको आम्दानी त्यसरूपमा बढ्नका निमित्त त्यस्ता मानिसले वस्तु वा सेवाको बिक्री गर्नुबाहेक अर्को विकल्प हुँदैन । प्रशस्त पैतृक सम्पत्ति हुनेहरू आफैँ समृद्ध हुन्छन् । उनीहरूका बारेमा राज्यले चिन्ता गर्नु पर्दैन ।

वस्तु या त कृषि उपज हुन्छन् या औद्योगिक । अर्काको उत्पादन बिक्री गर्दा पनि आम्दानी त हुन्छ । तर, त्यसमा धेरै मानिस वा परिवार संलग्न हुँदैनन् । त्यसैले समृद्धि प्राप्तिका निमित्त मुख्य रूपमा धेरैभन्दा धेरै मानिस उत्पादन प्रणालीमा संलग्न हुनुपर्छ । त्यसका लागि कृषि र उद्योग नै निर्विकल्प उपाय हुन् । यी दुवै क्षेत्रको विस्तार हुँदा बेरोजगारी र गरिबी न्यूनीकरण हुँदै गई क्रमिक रूपमा समृद्धि पनि प्राप्त हुन्छ ।

सडक सञ्जाल विस्तार भएमा वस्तु तथा सेवाको बजार पहुँच बढ्छ । त्यसले कृषि तथा औद्योगिक उत्पादन बढाउन मानिसलाई उत्प्रेरित गर्ने हुनाले लगानी पनि बढ्छ । यहाँनेर सबैभन्दा संवेदनशील कुरा के छ भने त्यसरी उत्पादन भएका नेपालका कृषि तथा औद्योगिक वस्तु बजारमा बिक्री हुन सक्नुपर्छ । नेपालमा त्यही कुराको समस्या छ । अर्थात् कृषि होस् वा औद्योगिक नेपालका उत्पादन नेपाली बजारमा बिक्री हुँदैनन् ।

यसको कारण के हो भने सस्तो वस्तु विशेषगरी छिमेकी देशबाट नेपाल भित्रिन्छन् र देशका कुना-कुना पुग्छन् । त्यस्ता सस्ता वस्तुले नेपाली बजारबाट नेपालका अलिकति भएका उत्पादनलाई पनि विस्थापन गरिरहेका छन् । छिमेकका उत्पादन सस्ता हुन्छन् तर नेपाली उत्पादन महँगा हुन्छन् । यस्तो किन हुन्छ भने छिमेकमा सरकारले उत्पादकलाई पर्याप्त सुविधा दिइरहेका छन्, तर नेपालमा त्यस्तो केही छैन ।

छिमेकका त्यस्ता सस्ता उत्पादन विनाभन्सार वा नाम मात्रको भन्सारमा निर्बाध रूपमा नेपाल आउँछन्, त्यसैले नेपाली उपभोक्ताले महँगा नेपाली उत्पादन उपभोग गर्न छाडेर आयातीत वस्तु उपभोग गर्न थाल्छन् । नेपालमा आमरूपमा यही भइरहेको छ । नेपालको प्राथमिक उत्पादनमा समेत परनिर्भरता बढ्दै जानुको कारण र व्यापार घाटा चुलिँदै जानुको कारण पनि यही हो ।

उद्योग क्षेत्रको अवस्था पनि यस्तै छ । केही वर्षदेखि नेपालमा सिमेन्ट उद्योग एकपछि अर्को गर्दै खुल्दै गएका छन् । तर, तिनको भविष्य पनि सुनिश्चित देखिँदैन । सस्तो चिनीको आयातसँग प्रतिस्पर्धा गर्न नसकेर एकपटक फस्टाएका नेपालका चिनी उद्योग अहिले धर्मराउन थालेका छन् । चिनी उद्योगले आयातीत चिनीले आफूहरूलाई विस्थापन गर्न लागेकाले चिनी आयातमा भन्सार बढाउनु प(यो भनेर माग गरिरहेका छन् ।

तर, राज्यले यसलाई गम्भीरतापूर्वक लिइरहेको छैन । अन्य उद्योग त अहिले लगभग समाप्त नै भइसकेका छन् । त्यसैले यो अवस्थाको उपचार नगरी पूर्वाधारको विकासले मात्र नेपालमा बेरोजगारी र गरिबी घट्ने तथा जनताको आय वृद्धि भई समृद्धि प्राप्त हुने कुरा मृगमरिचिका मात्र हुन जानेछ ।

त्यसैले जनताको उच्च प्राथमिकताको विषय भएकाले देशमा सडक सञ्जाल विस्तार गर्नु सकारात्मक कुरा हो, तर यो पृष्ठभूमिमा देशभित्र उत्पादन गर्ने र बढाउने अनुकूल वातावरण तयार गरी जनतालाई उत्पादन बढाउन उत्प्रेरित नगर्ने हो भने त्यसरी विस्तार गरिएको सडक सञ्जालबाट आयातीत वस्तुको बजार विस्तारबाहेक अरू केही हुनेछैन, समृद्धि प्राप्तिको कुरा त परै जाओस् ।

# सम्भव छ मनोसामाजिक उपचार ?



डा. सुरेश थपलिया

समय, परिस्थिति र घटनाक्रम अनुसार खुसी( दुस्खी हुनु जीवनचक्र हो। तर कहिलेकाहीँ लगातार खुसी हुनु, रिसाउनु वा दुस्खी हुनु कुनै परिस्थिति मात्र नभई रोग पनि हुन सक्छ।

यस्तै एउटा हो, मनोरोग( बाइपोलर डिसर्डर। विश्वको तथ्यांक हेर्ने हो भने १.२ प्रतिशत मानिसमा बाइपोलर डिसर्डर देखिएको छ। नेपालमा भने यो रोगको कुनै तथ्यांक छैन।

बाइपोलर डिसर्डर एउटा ’मूड’को मानसिक समस्या हो। यो रोगमा एकै व्यक्तिको मूडमा केही हप्ता वा महिनासम्म निरन्तर उदासी (म्भउचभककष्खभ उजबकभ) र केही समयको लागि अस्वाभाविक चञ्चलता, खुसी वा चिढचिढापन अर्थात् म्यानिया (भगउजयचष्अ यच ष्चचष्तबदभि रबलष्ब उजबकभ) का लक्षण देखिने गर्दछ। र पुनस् मूड सामान्य अवस्था ( भगतजथकष्अ उजबकभ) मा फर्किने गर्दछ। यस्ता लक्षण देखिएर दैनिक, व्यक्तिगत र सामाजिक जीवनमा खलल पुग्नु बाइपोलर डिसर्डर को लक्षण हुन सक्छ।

कतिपय पीडितमा भने मात्र म्यानियाको लक्षण देखिने गर्दछ, जसलाई रिक्रुट युनिपोलार मेनिया ( च्भअगचचभलत गलष्उयबिच रबलष्ब) भनिन्छ। बाइपोलर डिसर्डर एउटा ’मूड’ को मनोरोग मात्रै नभएर मस्तिष्कका रासायनिक परिवर्तनहरुको कारणले निम्त्याउने मनोजैविक ( ल्भगचयदष्यियनिष्अबी) रोग पनि हो। त्यसैले यसमा देखिने लक्षणहरु व्यक्तिको नियन्त्रणमा हुँदैन र ’मूड’ लाई सामान्य राख्न नियमित औषधि सेवन अत्यावश्यक हुन्छ।

**बाइपोलर डिसर्डरका लक्षणहरु**

यो मानसिक रोगले पीडितको व्यक्तित्व, जीवनशैली र व्यवहारमा अस्वाभाविक परिवर्तन ल्याउने गर्छ। यसमा लक्षण यस्ता छन्–

मन भारी हुने

उदास र नरमाइलो लाग्ने

एक्लै बस्न मन लाग्ने

पहिले रमाइलो लाग्ने गतिविधिमा सहभागी हुन मन नलाग्ने

रुन मन लाग्ने

अत्यधिक थकावट महसुस हुने

जीवन अर्थहीन लाग्ने

भविष्य निराशाजनक लाग्ने

मनमा आफूलाई नोक्सान गर्ने र जिन्दगी समाप्त गर्ने विचार आउने

आफ्नो बारेमा हीन भावना खेल्ने

भोक, निन्द्रा कम र बढी लाग्ने

आफ्नो सरसफाइ गर्न मन नलाग्ने आदि।

बाइपोलर डिप्रेसनमा आत्महत्या र ात्मनोक्सानको अत्यधिक सम्भावना रहने हुनाले माथि उल्लिखित लक्षणहरुलाई सावधानीपूर्वक लिन जरुरी हुन्छ।

अत्यधिक मन खुसी, चञ्चलता र चिढचिढापन हुने, निन्द्रा कम लागे पनि शरीरमा अत्यधिक फुर्ती महसुस हुने, आफ्नो क्षमताभन्दा धेरै काम गर्ने जाँगर चल्ने, भविष्यका बारेमा अचानक ठूलाठूला योजना बुन्ने, धेरै बोल्ने र रिसाउने,गालीगलौज गर्ने, सामाजिक परिस्थितिको ख्याल नगर्ने, आफ्नोबारे ठूलो कुरा गर्ने, आलौकिक शक्तिहरुको भ्रम हुने,पैसा धेरै खर्च गर्न मन लाग्ने म्यानिया (:बलष्ब एजबकभ) का लक्षण हुन् ।

म्यानिया रोगको लक्षण देखिएपछि आकस्मिक मानसिक स्वास्थ्य सेवाको जरुरी हुन्छ। किनभने रोगले च्याप्दै जाँदा व्यक्तिगत र सामाजिक जीवनमा उपयुक्त निर्णय लिने क्षमतामा उल्लेख्य कमी आउन सक्छ र पीडित व्यक्ति क्रमशस् आफ्नो स्वाभावबाट टाढिँदै जान्छ।

पहिले नै बिरामी र तिनका आफन्तले यी लक्षणहरु तुरुन्तै चिनेर उचित उपचार गराए रोगको नयाँ झट्का (च्भबिउकभ) लाई समयमै रोकथाम गर्न सकिन्छ। विशेषगरी जीवनका महत्वपूर्ण घटनाक्रम वा समस्याले पैदा गर्ने तनावले पनि रोगका लक्षणहरु देखिन थाल्दछन्।

बाइपोलर डिसर्डरको औषधोपचार कस्तो हुन्छ?

ाइपोलर रोग बारम्बार लक्षणहरु देखिइरहने दीर्घ मानसिक रोग भएको हुनाले यसलाई नियन्त्रणमा राख्न नियमित औषधि सेवन गर्नु अत्यावश्यक हुन्छ। यस रोगको उपचारका दुई चरण हुन्छन्– नयाँ लक्षणलाई चाँडै नियन्त्रण लिन गरिने आकस्मिक उपचार ( बअगतभ उजबकभ) र रोगलाई दोहोरिन नदिन गरिने दीर्घकालीन उपचार ( maintenance phase)। यसरी ’मूड’ लाई सामान्य अवस्थामा राख्ने ओखतीलाई मूड स्टेपिलाइजर (Mood Stabilizer) भनिन्छ जसमा लिथियम भ्यालप्रोएट ल्यामो ट्रिजिन कार्वाम्याजेपिन तथा एन्टी साइकोटिक औषधिहरु ( Antipsychotic drugs) पर्दछन्। यस रोगलाई नियन्त्रणमा नलिए बारम्बार लक्षणहरु देखा परिरहने हुन्छ। विशेषगरी मस्तिष्कका रासायनिक पदार्थहरुमा दीर्घकालीन असर हुन पुग्छ। बिडिएनएफ जस्ता मस्तिष्क तन्तुहरुको विकासमा अत्यावश्यक रसायनहरुको कमीले स्मरणशक्ति सम्बन्धी विभिन्न समस्या आउन सक्छन् ।

औषधिको सही मात्रमा सेवन र विशेषगरी लिथियम (Lithium), भ्यालप्रोएट ( Valproate) को लागि नियमित रगत जाँच ( serum level) गराउनु र नकारात्मक असरहरु बारेमा आफ्नो मानसिक रोग विशेषज्ञलाई जानकारी गराउनु जरुरी हुन्छ।

ध्यान दिनु पर्ने कुरा के छ भने, यी औषधि जथाभावी आफैले चलाउने वा छोड्ने गर्नु हुँदैन। बाइपोलर डिप्रेसनको हकमा जान्नुपर्ने महत्वपूर्ण कुरा यसको उपचारका लागि बिना कुनै मूड स्टाबिलाइजर मात्रै एन्टिडिप्रेसन्ट ( Antidepressant monotherapy) प्रयोग गर्नु हुँदैन। यसले म्यानियाको लक्षण निम्त्याउन सक्छ ।

**बाइपोलर डिसर्डरको मनोसामाजिक उपचार सम्भव छ ?**

बाइपोलर डिसर्डरको उपचारका लागि विभिन्न मनोवैज्ञानिक पद्धतिहरुको विकास, अध्ययन र प्रयोग भएको छ ।

जस्तै कग्नेटिभ बिहृयाभिअरल थेरापी ( Cognitive Behavioural Therapy), सोसियलल रिदम थेरापी (Social Rhythm Therapy), इन्टरपर्सनल थेरापी ( Interpersonal Therapy) इत्यादि।

तर यी सबै पद्धतिको मुख्य अंग र उद्देश्य बाइपोलर रोगको बारेमा उचित जानकारी अर्थात् मनोशिक्षा नै हो। यसबाहेक नियमित निद्रा र खानपिन, व्यायाम, दैनिक जीवनशैली, अन्तरव्यक्तिगत स्वास्थ्य र सामाजिक सम्बन्धको अभ्यास, तनाव व्यवस्थापन जस्ता जीवनशैलीमा सकारात्मक परिवर्तन गर्न सके रोग नियन्त्रणमा फाइदा पुग्दछ। नियमित र उचित औषधी सेवनले मात्र दीर्घकालीन रुपमा रोग मुक्त रहन सकिन्छ ।

महत्वपूर्ण पक्ष भनेको नशा सेवनबाट टाढा रहनु हो। मदिरा, गाँजा जस्ता नशाजन्य पदार्थको प्रयोगले रोगका लक्षणहरुलाई बढाउँछ र लिइरहेको औषधिलाई समेत प्रभावहीन बनाउन सक्छ। त्यसैले बाइपोलर डिसर्डरबाट पीडितहरु नशामुक्त रहनु जरुरी हुन्छ ।

## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लिु,ले,लो,अ):** आम्दानी बढ्ने छ । विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला ।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।

**तुला** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला ।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला ।

**धनु** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

# सप्तरीलाई खुला दिसामुक्त घोषणा




राजविराज / सप्तरीलाई नाम मात्रको खुला दिसामुक्त घोषणा गरिएको छ। प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्रकुमार सोनलले आज राजविराजमा आयोजित एक समारोहमा सप्तरी 'खुला दिसामुक्त' भएको घोषणा गरे।

क्षेत्रीय खानेपानी सरसफाइ सरसफाइ तथा स्वच्छता समन्वय समितिले चैत १२ र १३ गते अनुगमन गरी खुला दिसामुक्त घोषणाका लागि सप्तरी जिल्ला योग्य भएको प्रतिवेदन दिएको थियो। सोही प्रतिवेदनका आधारमा जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको १५ चैतको निर्णय अनुसार खुला दिसामुक्त घोषणा गरिएको सदस्य-सचिव लोकेन्द्र यादवले बताए।

सप्तरीलाई सन् २०१६ भित्रै खुला दिसामुक्त घोषणा गर्ने योजना थियो। तर, शौचालय निर्माण तथा प्रयोगमा अपेक्षित सुधार नआएकै कारण पटक-पटक मिति सार्दै बुधबार औपचारिकता पूरा गरिएको हो। तर, सप्तरीका कुल १ लाख १९ हजार ६ सय ८२ घरधुरीमध्ये ५० प्रतिशतमा घरमा अहिले पनि शौचालय व्यवस्थित नभएको भन्दै आलोचना भइरहेको छ।

शौचालय निर्माण नै नगरी जिल्लाका ९ नगरपालिकासहित १८ वटै स्थानीय तहलाई हतारोमा खुला दिसामुक्त घोषणा गरी जिल्लालाई पनि औपचारिकता प्रदान गरिएको आरोप स्थानीयहरुले लगाएका छन्। मधेसी चेतना समाजले विज्ञप्ति जारी गरेरै औपचारिक खुला दिसामुक्त घोषणाको विरोध गरेको छ। जिल्लामा हालसम्म ६० प्रतिशत पनि शौचालय निर्माण नभएको दाबीसहित यस प्रपञ्चमा लागेका सबैलाई कानुनी दायरामा ल्याउन विज्ञप्तिमा माग गरिएको छ।

नेपाल पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष श्यामसुन्दर यादवले अधिकांश स्थानीय तहमा हालसम्म २५-३० प्रतिशत शौचालय निर्माण गर्न बाँकी रहेको बताए।

'निर्माण कार्य सम्पन्न भनेर देखाइएका ७५ प्रतिशतमध्ये पनि २५ प्रतिशत शौचालय अधुरै छन्', यादवले भने, 'बाँकी ५० प्रतिशतमध्ये पनि २५ प्रतिशत शौचालय देखाउनका लागि मात्रै घेराबेरा गरिएको छ। प्रयोग गर्न सक्ने अवस्था छैन।'

प्रयोग गर्न मिल्ने अवस्थामा रहेका २५ प्रतिशत शौचालय पनि शौचका लागि कम र सरसामान राख्नका लागि धेरै प्रयोगमा रहेको उपाध्यक्ष यादव बताउँछन्। उनले भने- 'अभियानलाई अहिलेकै अवस्थामा दिसामुक्त भन्दा पनि शौचालयमुक्त भन्दा राम्रो होला।'

सरकारी कामका लागि सिफारिस र सामाजिक सुरक्षा भत्ता रोक्ने, खुला ठाउँमा शौच गर्न जाँदा सिट्ठी बजाएर लखेट्ने, प्रहरी लगाएर धम्क्याउने, फोटो खिचेर सामाजिक सञ्जालमा हाल्ने, शौचालय नबनाएको रिसमा चुलो भत्काउने लगायतका क्रियाकलापले आतंकित भएर ठड्याइएका अधिकांश शौचालय प्रयोग गर्ने अवस्थामै नरहेको जानकारहरु बताउँछन्।

सदरमुकाम समेत रहेको राजविराज नगरपालिकाकै आधारमा अन्य स्थानीय तहमा शौचालय निर्माण र प्रयोगको अनुमान लगाउन सकिने भन्दै उपाध्यक्ष यादवले थपे, 'सबैको नजरमा पर्ने र खुला दिसामुक्त भनिएको राजविराज नगरपालिकाको व्यस्त बजारमै खुल्ला शौच भइरहेको छ। अन्य स्थानीय तहको अवस्था कस्तो होला, सहजै अनुमान लगाउन सकिन्छ।'

राजविराज नगरपालिका वडा नम्बर १३ का अध्यक्ष राजेन्द्रप्रसाद यादवको आफ्नै घर हालसम्म शौचालयविहीन छ। उनी मात्र होइन, वडाध्यक्ष यादवसहित २५ प्रतिशत घरधुरीमा अहिले पनि शौचालय छैन।

'शौचालय बनाए ५ हजार नगद र एउटा कल (ट्युबेल) दिन्छौं भनेका थिए, बनाउनेले अहिलेसम्म पनि पैसा पाएका छैनन्', स्थानीय शिवनारायण यादव भन्छन्, 'मेरो पनि शौचालय अधुरै छ। पहिला पैसा दिए काम पूरा गर्छु नत्र यत्तिकै रहन्छ।'

वडा नम्बर १२ स्थित करिब १ दर्जन डोम परिवारमा पनि कसैको घरमा शौचालय छैन। बनाउन सुरु गरे पनि पैसा अभावका कारण पूरा भएको छैन।

'१३ जनाको परिवारमा सबै जना बेरोजगार छौं', जगदीश मरिक भन्छन्, 'पेट पाल्नु कि शौचालय बनाउनु?'

सोही वडाको सिंग्यौनस्थित मुसहर बस्तीका रुनाई सदाले भान्सामै निर्माण सुरु गरेको शौचालय अहिले निकै चर्चामा छ। शौचालय निर्माणलाई गैरसरकारी संस्थाले कसरी अगाडि बढाएका छन् र कस्तो दबाव दिएका छन् भन्ने दखाउन सदा उदाहरण बनेका छन्। अन्य ६० घर मुसहर परिवार शौचालय कहाँ बनाउने भन्ने मै अल्मलिएका छन्। केहीले आफ्नो झुप्रोसँगै बाहिर शौचालय बनाए पनि त्यसको निकासलाई सुरक्षित गर्न सक्का छैनन्।

खुला दिसामुक्त अभियानमा सार्वजनिक हित र सरोकारलाई प्राथमिकतामा राखिएको छैन। ३० जना बालबालिका अध्ययनरत रामटोलको मुन्ना बाल विकास केन्द्र अहिले पनि शौचालयविहीन छ। शिक्षिका रजना दास भन्छिन्, 'समितिमा कुरा उठ्छ, शौचालय चाहिँ बन्दैन।'

दलित बालबालिका पढ्ने बाल विकास केन्द्रलाई बेवास्ता गरिएको भन्दै वडा सदस्य नन्दु रामले भने, 'बालबालिकालाई तिर्खा लाग्दा पानी खुवाउने ट्युबेलसम्म छैन। पानी बोकेर घरबाटै कुद्नुपर्छ, केको शौचालय?'

वडा नम्बर ७ मा अधिकांश घरमा शौचालय भए पनि खुला शौच गर्नेको संख्या अधिक छ। करिब १ सय मेहतरको बसोबास रहेको यो टोलमा निर्माण गरिएका अधिकांश शौचालयको निकास गाउँको बीचमा रहेको खुला नालामा मिसाइएको छ। स्थानीय दीपनारायण मेहतर भन्छन्, 'बरु शौचालय नहुँदै फोहोर घरदेखि टाढा हुन्थ्यो, शौचालयले समस्या बढायो। आँगनमै फाहोर आयो, गर्मीमा हैजाको खतरा छ।'

यो समस्या राजविराज नगरपालिकाको मात्र होइन, बुधबार खुला दिसामुक्त घोषणा भएको सिंगो सप्तरीका १८ वटै स्थानीय तहको अवस्था यो भन्दा फरक नरहेको जानकारहरु बताउँछन्। अभियानमा कुल ९ करोड ७८ लाख रुपैयाँ खर्च भएको छ।



# भव्यता पूर्वक मनाईयो ६१औं राष्ट्रिय सहकारी दिवस




सप्तरी / राजविराज- 'दिगो आर्थिक विकासको लक्ष्य प्राप्तिका लागि सहकारी' भन्ने नाराका साथ मंगलवार सप्तरीमा ६१औं राष्ट्रिय सहकारी दिवस मनाईएको छ ।

जिल्ला सहकारी संघ लिमिटेड सप्तरीको आयोजनामा जिल्लाका ९ नगरपालिका सहित १८ वटै स्थानीय तहवाट सदरमुकाम राजविराजमा जम्मा भएका सहकारीकर्मीहरुले मुलुकको तिव्र विकासका लागि सहकारीले नेतृत्व गर्नुपर्ने धारणा राखे ।

स्थानीय, प्रदेश र संघिय सरकारले सहकारीलाई सकारात्मक सहयोग गरे सर्वधारण नागरीकको आर्थिक तथा समाजिक विकासमा अपेक्षाभन्दा वढि परिवर्तन गर्न सकिने उनीहरुको धारणा छ । तर मुलुक संघिय संरचनामा गएपछि स्थानीयका कृयाकलापले सहकारी संस्था र किसानहरुनै अन्यायमा परिरहेको उनीहरुको गुनासो छ ।

मुलुक संघिय संरचनामा अघि वढेपनि स्पष्ट कानुन अभावमा किसानहरु प्रत्यक्ष मारमा परेको त्रियुगा सहकारी संस्था फत्तेपुरका अध्यक्ष शम्भुवहादुर खडकाले वताए । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सहरकारीलाई नियमन गर्ने अधिकार स्थानीय तहलाई दिए पनि कृयाकलाप चै त्यो अनुसार नभएको खड्काले गुनासो गरे ।

मनकामना सहकारी संस्थाकी संचालक श्याममायाँ रोकाले सहकारी संस्थाले आफु मोटाउने भन्दा पनि सदस्य र किसानलाई वलियो वनाउने गरी कृयाकलाप सञ्चालन गर्नु पर्ने वताईन् ।

जिल्ला सहकारी संघ सप्तरीका अध्यक्ष विनोद दत्तको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश सभा सदस्यहरु गोविन्द न्यौपाने र रुवी कर्ण, जनज्योति सहकारी संस्थाका विश्वनाथ यादव, आदर्श दुग्ध सहकारी संस्थाका दुर्गा भट्टराई, जनमुखि सहकारी संस्थाका सचेन्द्र दास, दुग्ध उत्पादक सहकारी संघका भुवन आचार्यलगायतले पनि वोलेका थिए ।

कार्यक्रमका प्रमुख अतिथी तथा प्रदेश २ का भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहले किसानहरुको सहजताका लागि वातावरण वन्ने खालको कानुनु वनाउन सरकारले कुनै कसर वाँकी नराख्ने वताए ।

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्धारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा

प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

सम्पुर्ण इलेक्ट्रोनिक्स सामानहरू एकै ठाउमा

अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा

प्रो बिमल कुमार झा
छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स सप्तकोसी नगरपालिका १ फत्तेपुर हटिया छिर्ने बाटो

सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा

अब तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा

सम्पर्क :
विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स
सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर
पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५२८२१२९१




Complete Mobile & Computer Concern
extra easy zone for excellent service in electrics, education & entertainment
Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com



